सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

आ.ब २०८२/८३ चौथो त्रैमासिक (बैशाख-असार)

को

# स्वत – प्रकाशन

# PROACTIVE DISCLOSURE

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विकास निर्देशनालय

## बागवानी विकास केन्द्र, सिन्धुली


**सम्पर्क नं: ०४७-५२०१२२**

ईमेल: hdcsindhuli@gmail.com

वेबसाईट: Tvdc.gov.np

फेसबुक: *WWW.facebook.com/* बागवानी विकास केन्द्र, सिन्धुली

# विषय-सूची


| क्र.सं |  | पेज नं |
|---|---|---|
| क) | निकायको स्वरुप र प्रकृति | ३ |
| ख) | निकायको काम, कर्तव्य र अधिकार | ३-४ |
| ग) | संगठनात्मक संरचना | ४ |
| घ) | निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण<br>1. कर्मचारीहरुको संख्यात्मक विवरण<br>2. हाल कार्यरत कर्मचारीहरुको विवरण<br>3. निकायबाट प्रदान गरिने सेवा<br>4. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी | ५-७ |
| ङ) | निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | ७ |
| च) | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ७ |
| छ) | सम्पादन गरेको कामको विवरण | ७-८ |
| ज) | राजस्व विवरण | ८ |
| झ) | सूचना अधिकारी र प्रमुखको नाम र पद | ८ |
| ञ) | कृषि सम्बन्धि ऐन, नियम, नियमावली वा निर्देशिकाको सूची | ९ |
| ट) | आम्दानी,खर्च तथा आर्थिक कारोबार सम्बन्धि अध्यावधिक विवरण | १० |
| ठ) | सार्वजनिक निकायको वेभसाइट | १० |

## क) निकायको स्वरुप र प्रकृतिः-

बागवानी विकास केन्द्र सिन्धुली, सिन्धुली जिल्ला, कमलामाई नगरपालिका वडा नं. ५, मधुटारमा रहेको छ ।यस केन्द्र २०३१ साल भाद्र १ गते कृषि फार्मको रुपमा विधिवत स्थापना भएको हो।स्थापना कालमा वाली प्रदर्शनको माध्यमले कृषकहरुलाई जागरुक गर्ने र विभिन्न वालीहरुको उन्नत वीउ उत्पादन गरी कृषकहरुलाई स्वास्थ्य वीउ बिजन विक्री वितरण गरी कृषि उत्पादनमा बृद्धि ल्याउने काममा यस केन्द्रले मद्दत पुर्याएको छ।आर्थिक वर्ष २०३८/०३९ देखि थप सुन्तलाजात फलफूलको विरुवा उत्पादन गरी जुनार खेती सिन्धुली र रामेछाप जिल्लाको अधिकांश भू-भागमा विकास र विस्तार गर्ने महत्वपूर्ण काम गरेको थियो।यस क्षेत्रमा बागवानीको समग्र विकासको अपरिहार्यतालाई महसूस गरी २०४७ मा यसको नाम कृषि फार्मबाट वागवानी फार्ममा परिणत गरियो।२०५२ साल देखि यसको नाम बागवानी केन्द्र सिन्धुलीमा परिणत भई हाल आ.व. ०६०/०६१ देखि कन्दमूल तरकारी विकास केन्द्र भइ कन्दमुल तरकारी बालीको संकलन सम्बर्धन परिक्षण कार्य गर्दै आएको छ ।यस केन्द्र कृषि तथा पशुपन्छी बिकास मन्त्रालयको कृषि बिभाग मातहत रही कार्य संचालन गर्दै आइरहेकोमा वर्तमान संघीय शासन प्रणाली अनुसार आ.व. २०७५/०७६ देखि प्रदेश सरकार, बागमती प्रदेश, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कृषि बिकास निर्देशनालय अन्तर्गत सञ्चालित रहि आएकोमा वि.सं. २०८० कार्तिक देखि पुनः नाम परिवर्तन भई बागवानी विकास केन्द्र, सिन्धुली भएको छ।

कन्दमूल बालीको संकलन, संरक्षण र सम्वर्द्धन गरी उपयुक्त जातको छनोट तथा विकास, विस्तार र उत्पादन गर्नुका साथै गुणस्तरीय तरकारी बीउ/बेर्ना, फलफूल बिरुवाहरूको उत्पादन एवं कृषकस्तरमा बिक्री वितरण गरी कृषकहरुलाई व्यावसायिकरण तर्फ उन्मुख गराई निजहरूको जीवनस्तर उकास्नमा सहयोग पुऱ्याउने यस केन्द्रको लक्ष्य रहेको छ।

यस केन्द्रको मुख्य उद्देश्य श्रोत केन्द्रको रुपमा रही समन्वयात्मक रुपमा कृषकहरुको चाहना र आवश्यकता अनुरूपको प्राविधिक सेवाटेवा, प्रविधि विकास, प्रविधि संकलन, प्रदर्शन, प्रवर्द्धनका साथै बोट बिरूवा र बीउ उत्पादन तथा बिक्री वितरण आदि कार्य मार्फत् कृषि क्षेत्रको विकास गरी यस केन्द्रको प्रभाव क्षेत्रका कृषकहरूको गरीबी न्यूनिकरणमा सहयोग पुऱ्याउने रहेको छ।त्यसैगरी विभिन्न तरकारीबालीको गुणस्तरीय बिउको माग पूर्ति गर्ने रहेको छ।खाद्यान्नमा सबैको पहुँच र अहिले खाद्यान्न मानवाधिकार दायरा भित्र परेको हुनाले कन्दमूलको उत्पादनले न्यून खाद्यान्न उपलब्धतालाई केही हद सम्म परिपूर्ति गर्न मदत गर्दछ । यस केन्द्रमा रहेको भूइकटहर श्रोत केन्द्रको रुपमा स्थापित भई भुइकटहर उत्पादन गर्ने जिल्लाहरुलाई विरुवा उपलब्धमा सहयोग गर्दै आएको छ।

## ख) निकायको काम, कर्तव्य र अधिकारः-

यस केन्द्रको काम, कर्तव्य र अधिकार यस प्रकार रहेका छन्-

- देशका विभिन्न स्थानमा पाईने विभिन्न प्रकारका कन्दमूल बालीका जर्मप्लाज्महरुको संकलन, संरक्षण, सम्वर्द्धन र प्रसारण गर्ने।
- स्थानिय हावापानी सुहाउँदो उन्नत जातका सदाबहार फलफूल आँप, लिची, मेकाडेमीयानट, रूखकटहर, सुपारी, भुईकटहरका बोट बिरूवा उत्पादन तथा बिक्री वितरण गर्ने।
- केन्द्रको प्रभाव क्षेत्रमा रहेका निजी नर्सरीहरुमा गुणस्तरीय विरुवा उत्पादन गर्नको लागि प्राबिधिक सहयोग, सुपरिवेक्षण तथा अनुगमन गर्ने।
- यस केन्द्रको हावापानी सुहाउँदो भिण्डी, मूला, चौमासे सिमी, बोडी, स्थानिय जातको फर्सी, स्थानिय जातको लौका आदि बालीको मूल तथा उन्नत वीउ उत्पादन गरी बिक्री वितरण गर्ने।
- विभिन्न उन्नत जातका खयन आलु उत्पादन तथा बिक्री वितरण गर्ने।

- तरकारी बेर्ना तर्फ विभिन्न हिउँदे र वर्षे उन्नत जातका तरकारी बालीहरूका बेर्ना उत्पादन गरी बिक्री वितरण गर्ने।
- आलङ्कारीक बिरुवा तर्फ विभिन्न प्रकारका मौसमी, एक वर्षे, बहुवर्षे फूलका बिरूवाहरू उत्पादन तथा बिक्री वितरण गर्ने।
- कन्दमूल बाली लगायत अन्य बालीहरुको अवलोकन, अध्ययन र परीक्षण गर्ने।
- कन्दमूल तथा तरकारी बालीमा कृषकस्तर तालिम संचालन गर्ने।
- कृषकहरुलाई परेको समस्या फिल्डस्तरमा नै समाधानको लागि स्थलगत घुम्ती तालिम संचालन गर्ने।
- बागवानी बालीमा स्थानिय श्रोत व्यक्ति तयार गर्नका लागि जिल्लास्तर अगुवा कृषक तालिम संचालन गर्ने।
- कमाण्ड क्षेत्रका कृषकहरूलाई कन्दमूल बाली लगायत अन्य बागवानीजन्य बालीमा प्राविधिक सेवा पुऱ्याउने।
- कन्दमूल वालीको श्रोत एवं सम्वर्द्धन थलोका रुपमा यस बालीको आन्तरिक माग र आयात प्रतिस्थापनमा सहयोगी भूमिका खेल्ने।
- यस भेगका जनमानसमा तरकारी तथा फलफूल खाने बानी बसाली उनिहरुको स्वास्थ्यमा क्रमिक सुधार ल्याउने।
- राजमार्ग आसपासका बेरोजगारी, निम्न आय भएका कृषकहरूको आयश्रोत बढाई निजहरूको जीवनस्तर उकस्नेतर्फ टेवा पुऱ्याउने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बढ्दै गएको गुणस्तरयुक्त बीउको मागलाई केही हदसम्म पूर्ति गर्दै जाने।
- सिफारीश गरिएका उन्नत कृषि प्रविधिहरू कृषकहरूलाई हस्तान्तरण गर्दै लैजाने।

## ग) संगठनात्मक संरचनाः-

-

प्रमुख
वरिष्ठ बागवानी विकास अधिकृत
अधिकृतस्तर नवौं/दशौं (कृषि/बागवानी)-१

प्राविधिक शाखा
बागवानी विकास अधिकृत, अधिकृतस्तर सातौं/आठौं
(कृषि/बागवानी-२)
प्राविधिक सहायक, सहायक पाँचौं/अधिकृत छैठौं
(कृषि/बागवानी)-३

प्रशासन शाखा
सहायक पाँचौं/अधिकृत छैठौं(प्रशासन/लेखा)-१
सहायक पाँचौं/अधिकृत छैठौं(प्रशासन/सामान्य प्रशासन)-१
हलुका सवारी चालक (तह विहिन)- १
कार्यालय सहयोगी ( तह विहिन)-३

## घ) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः--

### १. दरबन्दी तेरिज

| क्र.सं. | पद | तह | सेवा | समूह | स्विकृत दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | वरिष्ठ बागवानी विकास अधिकृत | अधिकृतस्तर ९/१० | प्रदेश कृषि | बागवानी | १ | |
| २. | बागवानी विकास अधिकृत | अधिकृतस्तर ७/८ | प्रदेश कृषि | बागवानी | २ | |
| ३. | प्राविधिक सहायक | सहायक स्तर पाचौ /अधिकृतस्तर छैठौ | प्रदेश कृषि | बागवानी | ३ | |
| ४. | सहायक/अधिकृत(प्रशासन) | सहायकस्तर पाचौ /अधिकृतस्तर छैठौ | प्रदेश प्रशासान | सा.प्रशासन | १ | |
| ५. | सहायक/अधिकृत (लेखा) | सहायकस्तर पाचौ /अधिकृतस्तर छैठौ | प्रदेश लेखा | लेखा | १ | |
| ६. | हलुका सवारी चालक | तह विहिन | ईन्जिनिरिङ्ग | मेकानिकल | १ | |
| ७. | कार्यालय सहयोगी | तह विहिन | प्रशासन | सा.प्रशासन | ३ | |
| जम्मा | | | | | १२ | |

### २. हाल कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री दिपेन्द्र मणी लामिछाने | वरिष्ठ बागवानी विकास अधिकृत | केन्द्र प्रमुख |
| २ | श्री आशिस श्रेष्ठ | बागवानी विकास अधिकृत | प्राविधिक शाखा |
| ३ | श्री समिर योगी | बागवानी विकास अधिकृत | प्राविधिक शाखा |
| ४ | श्री समिर ज्ञामी मगर | अधिकृतस्तर छैंठो (प्राविधिक) | प्राविधिक शाखा |
| ५ | श्री सुनिल न्यौपाने | अधिकृतस्तर छैंठो (लेखा) | लेखा शाखा |
| ६ | श्री सुधा कुमारी झा | सहायकस्तर पाँचौं | प्राविधिक शाखा |
| ७ | श्री गुनुमाया सुनुवार | कार्यालय सहयोगी | प्रशासन शाखा |
| ८ | ईन्द्र प्रसाद पौडेल | कार्यालय सहयोगी | प्रशासन शाखा |
| ९ | रेशम बहादुर ठकुरी | ह. स. चा | प्रशासन शाखा |
| १० | मिना कुमारी भुजेल | कार्यालय सहयोगी (करार) | प्रशासन शाखा |

## ३. निकायबाट प्रदान गरिने सेवा

- ✓ प्राविधिक सेवा टेवा तथा उन्नत कृषि प्रविधि प्रसार
- ✓ विभिन्न उष्ण/उपोष्ण फलफूलका गुणस्तरीय बोट विरुवा उत्पादन गरी कृषकहरुलाई बिक्रि वितरण गर्ने
- ✓ कृषक स्तर सीप/क्षमता विकास तालिम सञ्चालन
- ✓ तरकारी, कन्दमूल, फलफूलका उन्नत तथा स्थानीय जर्मप्लाज्म संकलन तथा सम्वर्दन
- ✓ तरकारी मुल विउ/ उन्नत बिउ, बेर्ना उत्पादन गरी कृषकहरुलाई बिक्री वितरण गर्ने
- ✓ मागका आधारमा विभिन्न मौसमि तथा बहु वर्षिय आलंकारिक विरुवाहरु उत्पादन एवम बिक्री वितरण गर्ने

## ४. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी

➢ **प्राविधिक शाखा**

- विभिन्न जातका कन्दमुल तरकारी, उष्ण तथा उपोष्ण प्रदेशीय फलफूल र तरकारी बालीको स्रोत केन्द्रको रुपमा कार्य गर्ने।
- कन्दमुल तरकारीहरू (सखरखण्ड, पिडालु, ओल, सिमलतरूस, तरूल लगायत), तरकारी (काउली समूह, गोलभेडा, भिण्डी लगायत) का मूल एवं उन्नत बीउ तथा गुणस्तरीय बेर्ना उत्पादन तथा बिक्री वितरण गर्ने।
- विभिन्न उपोष्ण जातका फलफूल (भुइकटहर, लिची, मेकाडेमियानट लगायत) का गुणस्तरीय बिरुवा उत्पादन तथा बिकी बितरण गर्ने।
- विभिन्न जातका भूगोल सुहाँउदो उन्नत जात तथा स्थानीय बागवानी वालीहरुको जर्मप्लाज्म संकलन, सम्बर्द्धन तथा प्रवर्द्धन गर्ने ।
- केन्द्रको प्रभाव क्षेत्रमा रहेका निजी नर्सरीहरूमा गुणस्तरीय विरुवा उत्पादन गर्नको लागि प्राविधिक सहयोग, सुपरिवेक्षण तथा अनुगमन गर्ने।
- केन्द्र परिसर तथा कमाण्ड क्षेत्रमा वगैचा व्यवस्थापन तथा प्रविधि प्रदर्शन मार्फत गुणस्तरीय फलफूल, तरकारी तथा मसलाबाली उत्पादन प्रविधि विकास तथा प्रसार गर्ने।
- फार्म केन्द्रमा रहेका भौतिक संरचनाको संरक्षण तथा आधुनिक प्रविधिको अनुसरण गर्दै विकास गर्ने।
- केन्द्रको प्रभाव क्षेत्रमा कृषि ज्ञान केन्द्र तथा स्थानीय तहसँग समन्वय गरी बागवानी विकास सम्बन्धी कृषि प्रसार गतिविधि सञ्चालन गर्ने तथा कमाण्ड क्षेत्रका कृषि ज्ञान केन्द्रहरु तथा स्थानीय तहहरुलाई सम्बन्धित विषयमा प्राविधिक परामर्श उपलब्ध गराउने।
- फलफूल, तरकारी तथा मसलाबाली खेती सम्बन्धी सैदान्तिक तथा व्यबहारीक तालिम प्रदान गर्ने।
- कृषि स्नातक तथा जे.टी/जे.टी.ए. कोर्ष अध्ययनरत विद्यार्थीहरुका लागि इन्टर्नसिप तथा कार्यगत तालिम कार्यक्रम संचालन गर्ने।
- केन्द्रसँग सम्बन्धित बाली वस्तुमा कृषि उद्यम तथा व्यवसाय सन्चालन गर्न चाहनेहरुको लागि व्यवसाय विकास सेवा उपलब्ध गराउने ।
- संघीय तथा प्रदेश मन्त्रालय अन्तर्गत संचालन हुने फलफूल, तरकारी तथा मसलाबालीको उत्पादन, बीउ र विरुवा सम्बन्धि कार्यमा सहयोग गर्ने ।
- प्रदेशस्तरमा बागवानी विकास सम्बन्धि नीति तथा कार्यनीति तयार गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कृषि विकास निर्देशनालयलाई सुझाव र सल्लाह दिने
- सरोकारवालाहरुसँग आवश्यक समन्वय गरि केन्द्रसँग सम्बन्धित वाली वस्तुमा विकसित नविनतम प्रविधिको फिल्ड परीक्षण गर्ने।

- केन्द्र परिसर वा कमाण्ड क्षेत्र भित्र सम्बन्धित बालीको उत्पादन तथा उत्पदनोपरान्त प्रविधि सम्बन्धि अध्ययन, परीक्षणका कियाकलापहरू संचालन गरी प्रचार प्रसार गर्ने।

**प्रशासन शाखा**

- कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने।
- कार्यालयको लेखा तथा श्रेस्ता व्यवस्थापन सम्वन्धी कार्य गर्ने।
- कार्यालयको जिन्सी सामग्री ब्यबस्थापन गर्ने।
- जनशक्ति ब्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- तालुक निकायहरुबाट प्राप्त निर्देशन परिपत्र एवम राय सुझाव कार्यान्वयन गर्ने/गर्न सहयोग गर्ने।

## ङ) निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

नागरिकले माग गरेको सूचना १५ दिन भित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी बिरुद्ध उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानु पर्नेछ।कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिन भित्र कार्यालय प्रमुखले सूचना अधिकारी मार्फत वा आफै नागरिकलाई सूचना उपलब्ध गराऊन पर्छ। सात दिन भित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिन भित्र सूचना अधिकारी र कार्यालय प्रमुख बिरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनराबेदन गर्न सक्नेछन।

## च) निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रचलित कानुन बमोजिम तोकिएको विषयमा सोही बमोजिम नै हुने छ भने अन्यको हकमा यस कार्यालयबाट गरिएका निर्णय उपर उजुरी गर्नु परेमा निर्णय गर्ने अधिकारी भन्दा एक श्रेणी माथिका अधिकारी समक्ष उजुरी गर्नुपर्ने छ।यसरी सेवाग्राहिले प्रत्यक्ष रुपमा निवेदन मार्फत वा कार्यालयमा व्यवस्था गरिएको उजुरी पेटिकामा आफ्नो गुनासो वा उजुरी दिन सक्ने छन। प्राप्त उजुरीहरुलाई नियमित रुपमा संकलन तथा विश्लेशण गरी व्यवस्थापन गर्न कार्यालय प्रमुखलाई गुनासो सुन्ने अधिकारीको जिम्मेवारी प्रदान गरिएको छ।

## छ) सम्पादन गरेको कामको विवरण

बागवानी विकास केन्द्र, सिन्धुलीबाट आ.ब.२०८२/८३ को चौथो त्रैमासिक सम्म सम्पादन भएका प्रमुख कार्यहरु

| सन्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य उपलब्धी |
|---|---|---|---|---|
| कार्यक्रम | इकाई | परिमाण | अनुमानित बजेट खर्च रु.हजार | |
| तरकारी बेर्ना उत्पादन तथा बिक्री वितरण | संख्या | १,५०,००० | ३,६८,००० | विभिन्न वर्षे तथा हिउँदे तरकारी बालीकाम २ लाख २ हजार वटा बेर्नाहरु उत्पादन गरी कृषकस्तरमा बिक्री वितरण गरिएको। |
| स्थलगत घुम्ति तालिम | पटक | ५ | १२० | सिन्धुली जिल्लाका ५ वटा स्थानिय तहमा सञ्चालन गरएको कन्दमुल खेति प्रविधि सम्बन्धि तालिमबाट १३२ जना कृषक (म: ८७, पु:४५) लाभान्भित हुनुभयो । |

| | | | | |
|---|---|---|---|---|
| अगुवा कृषक स्तर तालिम( तरकारी, फलफुल लगायत) | पटक | १ | १४५ | २०८२ जेष्ठ २७ देखि २९ सम्म सञ्चालित फलफूल खेती सम्बन्धी ३ दिने तालिममा बागमती प्रदेशका ५ जिल्लाका २१ जना कृषक लाभान्वित हुनुभयो। |
| फलफूल बिरुवा उत्पादन | हजार | २५ | ६९२ | लिची, आँप, भुइँकटहर, मेकाडेमिया नट लगायत फलफूलका १८ हजार भन्दा धेरै बिरुवा उत्पादन |
| सार्वजनिक सम्पत्तिहरुको नियमित मर्मत सम्भार | पटक | १ | ३०१ | केन्द्रभित्र जीर्ण अवस्थामा रहेका प्लाष्टिक टनेलमा नयाँ प्लाष्टिक, इन्सेक्ट नेट जडान, र अन्य मर्मत सम्भार |

### ज) राजश्व विवरण

आ.व. २०८२/८३ चौथो त्रैमासिक सम्मको राजश्व संकलन विवरण

| क्र.सं | राजश्व विवरण | रकम रु |
|---|---|---|
| १ | सरकारी सम्पतिको वहालबाट प्राप्त आय | ४७,३५० |
| २ | कृषि उत्पादन विक्रीबाट प्राप्त रकम | १८,११,२६४ |
| ३ | अन्य प्रशासनिक सेवा शुल्क | १००० |
| | जम्मा रकम रु. | १८,६०,३४८ |

### झ ) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र सम्पर्क नं

<u>केन्द्र प्रमुख</u>
दिपेन्द्र मणी लामिछाने
वरिष्ठ बागवानी विकास अधिकृत
सम्पर्क नम्बर: ९८५४०४१३२०

<u>सूचना अधिकारी</u>
समिर योगी
बागवानी विकास अधिकृत
सम्पर्क नं: ९८५४०४७१२२

ञ)कृषिसंग सम्बन्धित नीति ऐन नियमको सूची

**कृषि सम्बन्धि ऐन**

१. खाद्य ऐन २०२३
२. बिउ बिजन ऐन २०४५
३. नेपाल कृषि परिषद अनुसन्धान ऐन , २०४८
४. राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन २०४९
५. राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन २०४८
६. विरुवा संरक्षण ऐन, २०६४
७. सहकारी ऐन , २०७४
८. खाद्य अधिकार तथा खाद्य सम्प्रभुत्ता सम्बन्धि ऐन २०७५
९. जीवनाशक बिषादी ब्यवस्थापन ऐन २०७६
१०. खाद्य स्वचछता तथा गुणस्तर सम्बन्धि ऐन ,२०८१

**कृषि सम्बन्धि नीतिः**

१. एक स्वास्थ्य रणनीति, २०७६
२. राष्टिय खाद्य स्वच्छता नीति, २०७६
३. राष्ट्रिय कृषि-वन नीति, २०७६
४. राष्ट्रिय मल नीति ,२०५८
५. राष्ट्रिय चिया नीति, २०५७
६. राष्ट्रिय कफी नीति, २०६०
७. दुग्ध-विकास-नीति-२०६४
८. खाद्य-नियमावली-२०२७
९. कृषि जैविक विविधता नीति, २०६३ (पहिलो संशोधन) २०७१
१०. सिंचाइ नीति ,२०७०
११. औद्योगिक नीति, २०६७
१२. जलवायु परिवर्तन नीति-२०६७
१३. राष्ट्रिय भू-उपयोग नीति २०६९
१४. कृषि यान्त्रिकरण प्रवर्द्धन नीति, २०७१
१५. National Seed Vision 2013-2025
१६. पुष्प प्रवर्द्धन नीति, २०६९
१७. कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३
१८. कृषि जैविक विविधता नीति, २०६३
१९. लैङ्गिक मूलप्रवाहीकरण रणनीति २०६३
२०. राष्ट्रिय कृषि नीति, २०६१
२१. मौरी पर्बर्धन नीति २०७४
२२. राष्ट्रिय कृषि बन नीति, २०७६

ट) आम्दानी , खर्च, तथा आर्थिक कारोवार सम्बन्धि अध्यावधिक विवरण

| बजेट विवरण | विनियोजित बजेट (लाख) | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| पुजींगत | ६.२ | ४.२ | ६७.७४ | नवयुवा आन्दोलन पश्चात लामो समय बजेट रोक्का भई चैत्र अन्त्य तिर फुकुवा भई आएकोले समयमानै कार्यक्रम सञ्चालन गर्न नसकिएको |
| चालु | १४७.४५३५ | ११९.२९५२ | ८०.९० | |
| जम्मा | १५३.६५३५ | १२३.४८८ | ८०.३७ | |

ठ) सार्वजनिक निकायको वेभसाईट विवरण

वेभसाईट: tvdc.gov.np

ईमेल: *hdcsindhuli@gmail.com*

फोन नं:०४७-५२०१२२